नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
आर्थिक प्रशासन शाखा

☎ ४२११६६४
Fax 977-1-4211664
www.molcpa.gov.np
सिंहदरवार, काठमाडौं

पत्र संख्या :- ०७९/८०
चलानी नं.:- २६१

मिति-२०७९/०५/१९

विषयः-आ.ब. २०७९/८० को बजेट कार्यान्वयन तथा अख्तियारी सम्वन्धमा।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मिनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।

चालु आर्थिक बर्ष २०७९/८० को बजेट निकासा सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ को उपदफा २ एर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ बमोजिम बजेट निकासा हुने व्यवस्था छ । विनियोजन ऐन, २०७९ पारित भई मन्त्रालयगत बजेट सूचना प्रणाली LMBIS मा प्रविष्ट भैसकेको बजेट बाँडफाँड समेत अर्थ मन्त्रालयवाट स्वीकृत भई सम्बन्धित कार्यालयहरुलाई विनियोजित बजेट बाँडफाँड भैसकेको छ ।आ.व.२०७९/८० को बजेट कार्यान्वयनका सन्दर्भमा अर्थ मन्त्रालयको प.सं. २०७९/८० च.नं. १, मिति २०७९/०४/०१ को बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन खण्ड क को बुँदा नं. १ बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित इकाईहरुलाई बजेट निकासा गर्नेछन् भन्ने मार्गदर्शन प्राप्त भैसकेको हुँदा सोही अनुसार यस मन्त्रालय र अन्तर्गतका विभाग तथा मातहतका कार्यालयहरुलाई स्वीकृत कार्यक्रम र बजेट रकमलाई नै अख्तियारी मानी प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखा परिक्षण गर्ने/गराउने साथै सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र आर्थिक कार्यविधि ऐन, २०७६ तथा नियमावली, २०७७ साथै बजेट कार्यान्वयन मार्गदिशर्न आ.ब. २०७९/८० को समेत पूर्णरुपले पालना गर्दै आर्थिक अनुशासन पालनमा सचेत रही बेरुजु फर्छयौटको लक्ष्य /प्रगति सन्तोषजनक हुने निर्देशन सहित जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुखलाई दिने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट बजेट निकासा हुने व्यवस्था मिलाउने भनि मिति २०७९/०५/१७ गते सचिवस्तर निर्णय भएको हुँदा सो अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०६३ को उपदफा ४ तथा सोही नियमावली, २०७७ को नियम ७५ को उपनियम ३ बमोजिम असोज मसान्त भित्र केन्द्रीय लेखाको वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने हुँदा आ.ब. २०७८/७९ को आर्थिक विवरण असोज महिनाको ७ गते भित्र यस मन्त्रालयमा आइपुग्ने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

वोधार्थः-
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सबैः-आवश्यक सहयोग गरिदिनु हुन ।

यज्ञ प्रसाद ढकाल
उपसचिव (लेखा)